अवधारणा पत्र

# नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३)

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं

२०७५

# विषय सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | विद्यमान प्रवृत्ति | २ |
| ३. | दीर्घकालीन सोचको आवश्यकता | ४ |
| ४ | सोच खाका (Vision Framework) | ५ |
| ४.१ | राष्ट्रिय सोच (National Vision) | ५ |
| ४.२ | राष्ट्रिय लक्ष्य (National Goals) | ६ |
| ४.३ | राष्ट्रिय रणनीति (National Strategies) | ८ |
| ४.४ | सहयोगी क्षेत्रहरु (Enablers) | ८ |
| ४.५ | रुपान्तरणका प्रमुख सम्बाहक (Key Drivers of Transformation) | ९ |
| ५. | विषयवस्तु | ९ |
| ६. | तर्जुमा विधि तथा प्रक्रिया | १० |
| ७. | अपेक्षित नतिजा | १० |
| ८. | जोखिम पक्ष तथा अनुमान | १० |
| | अनुसूची १. नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३) को विषय सूची | १२ |
| | अनुसूची २. समय तालिका | १५ |
| | सन्दर्भ सामाग्रीहरु | १८ |

# नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३)

## १. पृष्ठभूमि

नेपालको सबल र प्रभावशाली अर्थतन्त्र भएको प्राचिन इतिहास रहेको छ । लिच्छवि कालमा हुने गरेको नेपाली वस्तुको निर्यात तथा तिब्बतमा नेपाली मुद्राको प्रचलनलाई आधार मान्ने हो भने सो समयको कृषि र व्यापारमा आधारित भएतापनि आत्मनिर्भर र सुदृढ रहेको देखिन्छ । मल्लकालमा नेपाली कला एवम् इञ्जिनियरिङ उत्कृष्ट रहेको, यससम्बन्धी धरोहर तथा वास्तुशिल्पीले स्वदेश तथा विदेशमा ख्याति कमाएका थिए । यसबाट सो समयको शिक्षा व्यावहारिक र दक्ष जनशक्ति उत्पादनमा केन्द्रित रहेको अनुमान गर्न सकिन्छ । साथै स्थानीय सीप तथा प्रविधिमा आधारित कृषि उत्पादनबाट सो समयका राज्यहरू आत्मनिर्भर थिए । नेपालको एकीकरण पश्चात राष्ट्र-राज्यका रुपमा अस्तित्वमा आएपछिको शाहकाल भू-भागको रक्षा तथा विस्तारको लडाईंमा केन्द्रित हुँदा अर्थतन्त्र सुदृढ र विकसित हुन सकेन । राणाकाल तुलनात्मक रुपमा शान्त र स्थिर भएतापनि मुलुक नागरिकको अधिकार, विकास तथा समृद्धिका दृष्टिले निकै पछाडि पर्‍यो । प्रजातन्त्रको उदयपछि एक दशक लामो राजनीतिक संक्रमण, करिब तीन दशक लामो निरंकुश निर्दलीय पञ्चायती व्यवस्था र त्यसपछि पुनर्स्थापित संवैधानिक राजतन्त्रात्मक बहुदलीय शासन व्यवस्था रह्यो । बहुदलीय शासन व्यवस्थाको समयमा भएको एक दशक लामो द्वन्द्व र त्यसपछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको स्थापना लगायतका राजनीतिक परिवर्तनका आरोह अवरोह पार गर्दै मुलुक राजनीतिक स्थिरता र समृद्धिको युगमा प्रवेश गरेको छ । अहिले इतिहासको विरासतमा उभिएर सामाजिक-आर्थिक रुपान्तरण गर्ने अवसर प्राप्त भएको छ ।

योजनाबद्ध विकास प्रणाली अवलम्बन गरिएको छ दशक भन्दा बढीको अवधिमा नौ वटा पञ्चवर्षीय तथा पाँच वटा त्रिवर्षीय गरी १४ वटा आवधिक योजना कार्यान्वयनमा आएका छन् ।[१] यस अवधिमा गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य, यातायात र सञ्चारमा पहुँच, सामाजिक सुरक्षा, वातावरण संरक्षण लगायतका आर्थिक-सामाजिक तथा पूर्वाधार विकासका क्षेत्रमा केही उल्लेखनीय उपलब्धि हासिल भए । तर रोजगारी, आर्थिक वृद्धि, प्रतिव्यक्ति आय, औद्योगिकीकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वस्थ र प्रदुणमुक्त वातावरण र सुशासन लगायतका पक्षमा योजनाले लिएका लक्ष्यहरु अनुरुप उपलब्धि हासिल हुन सकेन ।

पछिल्लो राजनीतिक एवम् शासकीय परिवर्तन पश्चात ऐतिहासिक रुपमा संविधान सभाबाट जारी भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम तीन तहको निर्वाचन सम्पन्न भई संघ, प्रदेश

[१] यस अवधिमा तीन आर्थिक वर्ष योजनाबिहीन वर्षका रुपमा रहेका थिए ।

र स्थानीय तहमा सरकारहरु क्रियाशील छन् । संघीय शासन प्रणालीको जगमा उभिएर आम नेपाली जनताको चाहना अनुरुप सुशासन, विकास र आर्थिक समृद्धिको आधार तयार गर्दै समग्र मुलुकको स्तरोन्नति गर्ने दिशामा उन्मुख हुन तथा जनताको जीवनस्तर उकास्न दीर्घकालीन सोचको आवश्यकता रहेको छ ।

## २. विद्यमान प्रवृत्ति

विगत पाँच दशकको अवधिमा नेपालको समग्र राजनीतिक-आर्थिक-सामाजिक उपलब्धि र प्रवृत्ति मिश्रित प्रकारको रहेको तथा केही सकारात्मक दिशातर्फ उन्मुख भएको देखिन्छ । राजनीतिक रुपमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भइ राजनीतिक स्थिरता प्राप्त भएको अवस्था छ । यद्यपि प्रदेश र स्थानीय तह नयाँ राजनीतिक संरचना भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय संघीयताको कार्यान्वयन प्रारम्भिक अवस्थामा नै रहेको छ ।

आर्थिक रुपमा विगत लामो अवधिसम्म नेपालको आर्थिक वृद्धिदर न्यून तथा उतारचढावयुक्त रहेको छ । पाँच दशक भन्दा लामो अवधिमा नेपालको आर्थिक वृद्धिदर सामान्यतया २ देखि ५ प्रतिशत भित्र तथा विगत दुई दशकमा औषत ४ प्रतिशतको दरमा वृद्धि भएको छ । कृषि क्षेत्रमा पशुजन्य तथा गैर खाद्यान्न उत्पादनमा सन्तोषजनक उपलब्धि हासिल भएतापनि आधुनिकीकरण तथा व्यवसायिकीकरणको अभावले गर्दा यो क्षेत्रको न्यून उत्पादकत्व तथा खाद्यान्न लगायतका आधारभूत वस्तुमा परनिर्भरता बढिरहेको छ । विगत दुई दशकमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३८.९ प्रतिशतबाट २७.५ प्रतिशतमा झरेतापनि अझै पनि आर्थिक रुपले सक्रिय जनसंख्याको करिब ६४ प्रतिशत हिस्सा यस क्षेत्रमा आश्रित छ । उद्योग क्षेत्रको विस्तार भई कृषि पेशामा संलग्न जनशक्ति सो क्षेत्रमा रुथानान्तरण हुनुपर्नेमा सो क्षेत्रको योगदान समेत २१.९ प्रतिशतबाट १४.८ प्रतिशत एवम् यस क्षेत्र अन्तर्गतको उत्पादनमूलक उद्योगको योगदान ९.३ प्रतिशतबाट ५.४ प्रतिशतमा खुम्चिएको छ (अर्थ मन्त्रालय, २०७५) । तुलनात्मक रुपमा यातायात तथा सञ्चार, शिक्षा, स्वास्थ्य र व्यापारको विस्तारका कारण सेवा क्षेत्रको तीब्र वृद्धि भई अर्थतन्त्रमा यो क्षेत्रको योगदान ३९.३ प्रतिशतबाट ५७.६ प्रतिशत पुगेको छ (अर्थ मन्त्रालय, २०७५) ।

विगत दुई दशकको अवधिमा पूर्वाधार विकास तथा आवद्धतामा उल्लेख्य परिवर्तन आएको छ । सडक यातायात करिब ११ हजार कि.मि. बाट ३० हजार कि.मि., स्थानीय यातायाततर्फ ५८ हजार कि.मि., विद्युत उत्पादन ३०० मेगावाटबाट १,०७३ मेगावाट, राष्ट्रिय विद्युत प्रणालीबाट विद्युतमा पहुँच प्राप्त घरधुरी १४ प्रतिशतबाट ६९ प्रतिशत पुगेको छ (अर्थ मन्त्रालय, २०७५; रा.यो.आ., २०५५, २०७५) । त्यसैगरी टेलिफोन घनत्व १ प्रतिशतबाट १३५ प्रतिशत र इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या ४५.७

प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०७५; रा.यो.आ., २०५५, २०७५) । यसबाट कृषि र औद्योगिक उत्पादन तथा सेवा क्षेत्रको विकास तथा विस्तार गर्ने अवसर प्रदान गरेको छ ।

कृषि क्षेत्रबाट बाहिर आएको श्रम शक्ति उद्योग र सेवा क्षेत्रमा पर्याप्त रोजगारीको अवसर नपाउँदा वैदेशिक रोजगारमा जानुपर्ने केही बाध्यात्मक अवस्था समेत सिर्जना भएको छ । बीस वर्ष पहिले भारत बाहेकका अन्य मुलुकमा रहेका नेपालीको संख्या केही हजारमा रहेकोमा हाल यस्तो जनसंख्या ४० लाखभन्दा बढी पुगेको अनुमान छ । फलस्वरुप यस अवधिमा विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको तुलनामा २.३ प्रतिशतबाट २४.२ प्रतिशत (आ.व.२०७२/७३ मा ३० प्रतिशतसम्म) पुगेको छ । तर यसरी प्राप्त विप्रेषण आय उत्पादनशील क्षेत्रमा लगानी भन्दा पनि उपभोग तथा सेवा-व्यवसायमा नै बढी खर्च भएको पाइएको छ । न्यून उत्पादकत्व र उत्पादनका कारण कुल माग अनुसारको आन्तरिक उत्पादन हुन नसक्दा उपभोगको उल्लेख्य अंश आयातबाट पूर्ति भइरहेको अवस्था छ । परिणामस्वरुप कुल गार्हस्थ्य उत्पादनसँग आयातको अनुपात २९.६ प्रतिशतबाट ३९.७ प्रतिशत पुगेको, निर्यातको अनुपात ९.१ प्रतिशतबाट २.६ प्रतिशतमा खुम्चिएको र व्यापार घाटा २०.५ प्रतिशतबाट ३७.१ प्रतिशत पुगेको छ (अर्थ मन्त्रालय, २०७५) । समग्रमा नेपाली अर्थतन्त्र आयात तथा विप्रेषणमुखी भई परनिर्भरता बढ्न गएको छ ।

बीस वर्षको अवधिमा सार्वजनिक वित्ततर्फ कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्व, कुल खर्च, चालु र पुँजीगत खर्चको अनुपात क्रमशः १०.९, ६.५ र ९.६ प्रतिशतबाट २४.३, २३.२ र ८.९ प्रतिशत पुगेको छ (अर्थ मन्त्रालय, २०५५, २०७५; ने.रा.बैंक, २०७५) । साथै कुल सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको तुलनामा ६६.४ प्रतिशतबाट २९.८ प्रतिशत पुगेको छ । मौद्रिक तथा वित्तीय क्षेत्रतर्फ संकुचित मुद्रा प्रदाय, विस्तृत मुद्रा प्रदाय, आन्तरिक ऋण र निजी क्षेत्रलाई प्रवाह भएको कर्जा क्रमशः १७, ५०.८, ४४.८ र ३०.२ प्रतिशतबाट २२.३, १०२.९, ९०.४ र ८१.२ प्रतिशत पुगेको छ । त्यस्तै बैंकिङ सेवामा आबद्ध जनसंख्या ४० प्रतिशत तथा १०.८ महिनालाई पुग्ने वस्तु तथा सेवा आयातलाई धान्न सक्ने वैदेशिक मुद्राको संचिति रहेको छ (ने.रा.बैंक, २०७५) ।

सामाजिक क्षेत्रतर्फ उल्लेख्य सुधार आएको छ । गरिबीको रेखामुनिको जनसंख्या ४२ प्रतिशतबाट २१.६ प्रतिशत, प्राथमिक तहमा खुद भर्ना दर ७० प्रतिशतबाट ९७.२ प्रतिशत, बाल मृत्युदर ११८ प्रति हजार जिवित जन्मबाट ३९ प्रति हजार जिवित जन्म, मातृ मृत्युदर ४७५ प्रति लाख जिवित जन्मबाट २३५ प्रति लाख जिवित जन्म र खानेपानी सेवामा पहुँच प्राप्त जनसंख्या ६१ प्रतिशतबाट ९० प्रतिशत पुगेको छ (रा.यो.आ., २०५४, २०७५) । लैंगिक समानता, सशक्तिकरण तथा सहभागितामा समेत उल्लेख्य सुधार आएको छ । सामाजिक सुरक्षाको अवधारणा र यसको दायरा विस्तार हुँदै गएको छ । युवा जनसंख्या (जनसंख्याको औषत उमेर २२ वर्ष) बाहुल्य भएको मुलुकका रुपमा विकास भएको र यो युवा समूह आगामी चार दशकसम्म सक्रिय रहने देखिन्छ । तसर्थ आगामी दिनमा शिक्षा क्षेत्रमा पर्याप्त

लगानी गर्दै युवालाई स्वदेशभित्र आर्थिक गतिविधिमा संलग्न गराई जानसांख्यिक लाभ लिन सकिने अवसर छ ।

विगतका केही दशकमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा एवम् हिमाल र पहाडबाट तराई-मधेशमा आन्तरिक बसाइसराई तीव्र रुपमा बढेको छ । आन्तरिक बसाइसराई र वैदेशिक आप्रवासनका कारण ग्रामीण बस्तीमा युवाको न्यून उपस्थिति रहेको, जनघनत्व घटेको, केही स्थानमा जनसंख्याको वृद्धिदर नकारात्मक समेत रहेको छ । एकातर्फ ग्रामीण भेगमा समग्र वस्तु तथा सेवाको मागमा कमी आउँदा शिक्षा, स्वास्थ्य लगायतका सेवा प्रवाहको गुणस्तर बढाउन कठिनाइ भएको, लागत बढेको, निजी क्षेत्रको आकर्षण घट्दै गएको तथा कृषियोग्य जमीन बाँझै रही खाद्यान्न उत्पादनमा कमी आएको छ । अर्कोतर्फ सहरी क्षेत्रको जनघनत्वमा अनपेक्षित वृद्धि भएको छ र अव्यवस्थित रुपमा नयाँ शहर विकसित भएका छन् । विगत २० वर्षमा शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या १२ प्रतिशतबाट ५९.५ प्रतिशत पुगेको छ (के.त.वि., २०७५) । तसर्थ ग्रामीण क्षेत्रको सन्तुलित विकास र स्वदेशमा रोजगारी सिर्जना गरी युवालाई राष्ट्रिय उत्पादनमा पूर्ण रुपमा आबद्ध गराउनुपर्ने आवश्यकता रहेको छ ।

नेपालमा वनजंगलले ढाकिएको क्षेत्रफलमा उल्लेख्य वृद्धि भई ४४.६ प्रतिशत पुगेको छ ( रा.यो.आ., २०७३) । खासगरी ग्रामीण एवम् पहाडी क्षेत्रमा वातावरणमाथिको दबाब घटेको छ भने शहरी तथा तराई मधेश क्षेत्रमा वातावरण तथा प्राकृतिक स्रोतको दोहन बढिरहेको छ । पर्यावरणीय क्षेत्रमा वायू तथा जल प्रदुषण, बाढी पहिरो, भूस्खलन र सुगम स्थानमा वन अतिक्रमण जस्ता प्रवृत्ति बढिरहेका छन् ।

## ३. दीर्घकालीन सोचको आवश्यकता

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माण गरी आर्थिक समृद्धि, समानता र सामाजिक न्याय कायम गर्ने सोच राखेको छ । जनमतबाट अनुमोदित सरकारले शान्ति, स्वतन्त्रता र सुशासनमा प्रतिबद्धता जनाएको छ । साथै नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता बमोजिम सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरु हासिल गर्ने आधार समेत सिर्जना गर्नुपर्ने भएको छ । सन् २०२१ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्दै सन् २०३० मा मध्यम आय भएको मुलुकमा पुग्नुपर्ने छ । विगतमा निरन्तर राजनीतिक सङ्क्रमण र दीर्घकालीन सोच सम्बन्धी छुट्टै दस्तावेजको अभावमा आवधिक योजनाका मूल विषयवस्तुमा तादम्यता, निरन्तरता र प्राथमिकताका क्षेत्रबीच परिपूरकता कायम हुन सकेन । फलस्वरुप आवधिक योजनाले लिएका लक्ष्य तथा उपलब्धि अपेक्षित रुपमा हासिल हुन सकेनन् ।

उल्लेखित पक्षलाई सम्बोधन गर्दै संविधानले अंगीकार गरेका नीति तथा सिद्धान्त, विकास केन्द्रित हुने राजनीतिक दृष्टिकोण र राजनीतिक स्थायित्व उन्मुख लोकतन्त्रको जगमा रहेर संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना, बजेट, कार्यक्रम तथा आयोजना तर्जुमा र कार्यान्वयनलाई निर्देशित गर्न, वित्तीय संघीयतालाई मजबूत बनाउन र सरकारी, निजी तथा सहकारी क्षेत्रको समग्र विकास प्रयासलाई राष्ट्रिय सोच तथा लक्ष्यसँग एकत्रित गर्न राष्ट्रिय दीर्घकालीन सोचको आवश्यकता रहेको छ । साथै योजना, अनुगमन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउँदै बृह्त नीतिगत हस्तक्षेप र अल्प, मध्य तथा दीर्घकालीन उद्देश्य तथा रणनीति अंगीकार गर्ने आधार प्रदान गर्न समेत सोच दस्तावेज आवश्यक रहेको छ ।

अबको विकासको गन्तव्य नै “समृद्ध नेपाल र सुखी नेपाली” रहेकाले यसको प्राप्तिका लागि लक्ष्य र गन्तव्य सूचकको निर्धारण गरी विकासको अवधारणा तथा रणनीति तय गर्नुपर्ने भएको छ । सरकारले कृषि, उर्जा, यातायात, पर्यटन, उद्योग र खनिज सम्पदा, गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य सेवा जस्ता क्षेत्रगत तथा मर्यादित श्रम तथा रोजगारी, सामाजिक सुरक्षा, सांस्कृतिक विविधता, सामाजिक सद्भाव, समावेशी विकास, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण, प्रदेश तथा स्थानीय तहको सुदृढीकरण, सुशासन लगायतका अन्तरसम्बन्धित विषयमा कार्यक्रमहरु घोषणा गरेको छ । सरकारले यसलाई मूर्त रुप दिन आर्थिक वर्ष २०७५/७६ लाई आर्थिक समृद्धिको आधार वर्षका रुपमा लिने नीति लिएको छ । सो अनुसार विकास नीति, रणनीति, कार्यनीति लगायतका क्षेत्रमा आमूल परिवर्तन गर्न पूर्ण योजना तर्जुमा गर्दै पाँच वर्षभित्र दुई अंकको आर्थिक वृद्धि हासिल गर्ने सरकारले नीति लिएको सन्दर्भमा दीर्घकालीन सोचको थप औचित्यता रहेको छ ।

## ४. सोच खाका (Vision Framework)

दीर्घकालीन सोचको समग्र खाकामा राष्ट्रिय सोच, राष्ट्रिय लक्ष्यहरु तथा सूचकहरु समावेश गरिएका छन् । साथै ती लक्ष्य हासिल हुनेगरी रणनीति निर्धारण तथा सहयोगी क्षेत्र र रुपान्तरणका सम्बाहक पहिचान गरिएको छ । यस सोच खाकामा आधारित रहेर विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तर्जुमा गरिने छ ।

### ४.१ राष्ट्रिय सोच (National Vision)

"समृद्ध नेपाल, सुखी नेपाली"

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको सघन अन्तरआबद्धता तथा उच्च उत्पादकत्व भएको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

## ४.२ राष्ट्रिय लक्ष्य (National Goals)

| १. समृद्धि (Prosperity) | २. सुख (Happiness)[2] |
|---|---|
| १.१. उच्च र समतामूलक राष्ट्रिय आय (High and equitable national income) | २.१. परिस्कृत तथा मर्यादित जीवन (Well-being and decent standard of living) |
| १.२. मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग (Development and full utilization of human capital potential) | २.२. सभ्य र न्यायपूर्ण समाज (Civilized and just society) |
| १.३. सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आवद्धता (Accessible and modern infrastructure and connectivity) | २.३. स्वस्थ र सन्तुलित पर्यावरण (Healthy and balanced ecology) |
| १.४. उत्पादन र उत्पादकत्व (Production and productivity) | २.४. सुशासन (Good governance) |
| | २.५ सबल लोकतन्त्र (Democracy) |
| | २.६ राष्ट्रिय एकता र सम्मान (National unity and dignity ) |

उल्लेखित राष्ट्रिय लक्ष्य अन्तर्गत देहाय बमोजिमका सूचकहरु रहेका छन् :

| क्र.सं. | राष्ट्रिय लक्ष्य | सूचक |
|---|---|---|
| १.१. | उच्च र समतामूलक राष्ट्रिय आय | • उच्च आय वा औद्योगिक राष्ट्रको स्तरको प्रतिव्यक्ति आय<br>• शून्य निरपेक्ष गरिबी<br>• राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात |
| १.२. | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | • गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक<br>• स्वस्थ र लामो आयु भएका नेपाली<br>• उत्पादनशील र मर्यादित रोजगारीमा संलग्न जनसंख्या |
| १.३. | सर्वसुलभ र आधुनिक पूर्वाधार | • सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात सेवा |

[2] उराटा, एट अल (२०१२) ले कुल राष्ट्रिय सुखी (Gross National Happiness) सूचकका बारेमा उल्लेख गरेका छन् । यो सूचकांकमा सुखका ९ वटा आयाम (मनोवैज्ञानिक स्वस्थता (Psychological wellbeing), स्वास्थ्य, समयको प्रयोग, शिक्षा, साँस्कृतिक विविधता तथा उत्थानशीलता, सुशासन, सामुदायिक क्रियाशीलता (Vitality), पर्यावरणीय विविधता तथा उत्थानशीलता र जीवनस्तर) र ३३ वटा सूचक परिभाषित गरिएको छ । भूटानले विकासको स्तर मापन गर्न सो सूचकांकको प्रयोग गर्दै आएको छ । त्यसैगरी विश्व सुखीपना प्रतिवेदन (२०१७) ले प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन, सामाजिक सहयोग, स्वस्थ्य अपेक्षित आयू, जीवनको छनौटको स्वतन्त्रता, सहयोगी भावना, भ्रष्टाचारप्रतिको अनूभूति लगायतका सूचकका आधारमा विश्वका मुलुकहरुको सुखीपनाको मापन तथा क्रम निर्धारण गरेको छ । सो अनुसार सन् २०१८ मा नेपाल १०१ औं स्थानमा रहेको छ (हेलिवेल, लयार्ड र स्याक्स, २०१८) ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य | सूचक |
|---|---|---|
| | एवम् आवद्धता | • सहरी पूर्वाधारमा आवद्ध जनसंख्या<br>• स्वच्छ उर्जाको उत्पादन तथा उपभोगमा यसको अनुपात<br>• सूचना प्रविधिमा आबद्ध जनसंख्या |
| १.४. | उत्पादन तथा उत्पादकत्व | • कृषि, वनजन्य तथा औद्योगिक उत्पादन र अर्थतन्त्रमा सोको हिस्सा<br>• आयात-निर्यात अनुपात<br>• राष्ट्रिय, क्षेत्रगत तथा उत्पादनका साधनको उत्पादकत्व<br>• उर्जा उपभोगमा स्वच्छ उर्जाको अनुपात |
| २.१ | परिस्कृत तथा मर्यादित जीवन | • नागरिक स्वस्थता (शारीरिक, मानसिक तथा मनोवैज्ञानिक)<br>• सुविधासम्पन्न तथा सुरक्षित आवास<br>• गतिशील सामाजिक जीवन<br>• आधुनिक भौतिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व<br>• उच्च नागरिक सन्तुष्टि |
| २.२ | सभ्य र न्यायपूर्ण समाज | • विभेद, हिंसा र अपराधमुक्त समाज<br>• सामाजिक सुरक्षा तथा संरक्षण<br>• सामाजिक-सांस्कृतिक विविधता प्रवर्द्धन तथा संरक्षण |
| २.३ | स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति | • प्रदुषणमुक्त र स्वच्छ वातावरण<br>• जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन<br>• जलवायू परिवर्तन अनुकूलनशीलता<br>• प्राकृतिक विपद् उत्थानशील समाज र अर्थतन्त्र |
| २.४ | सुशासन | • कानुनी शासन<br>• उच्च सदाचार (भ्रष्टाचार अनुभूति सूचकांक)<br>• विद्युतीय प्रणालीमा आधारित सबल, सक्षम, जवाफदेही सार्वजनिक सेवा<br>• सुदृढ संघीय शासन प्रणाली |
| २.५ | सबल लोकतन्त्र | • शान्ति र स्थिरता<br>• स्वच्छ, स्वतन्त्र र कम खर्चिलो निर्वाचन<br>• मौलिक हकको प्रत्याभूति |

| क्र.सं. | राष्ट्रिय लक्ष्य | सूचक |
|---|---|---|
| | | • नागरिक सहभागिता |
| २.६ | राष्ट्रिय एकता र सम्मान | • नेपालीत्वको उच्च भावना<br>• उच्च सामाजिक सद्भाव<br>• उच्च मानव तथा अन्य सुरक्षा<br>• अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता |

## ४.३ राष्ट्रिय रणनीति (National Strategies)

१. राष्ट्रिय विकासको लक्ष्य हासिल गर्न राज्यले नेतृत्वदायी भूमिका निर्वाह गरी निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सबलीकरण, अर्थतन्त्रको औपचारिकीकरण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको विकास, स्वच्छ ऊर्जाको उपभोग र मुलुकको आर्थिक, पर्यटकीय, शैक्षिक तथा व्यापारिक क्षेत्रीय केन्द्र (Regional Hub) का रुपमा विकास सहित तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय, प्राविधिक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता सहित स्वस्थ र शिक्षित नागरिक तयार गर्ने ।

३. उत्पादन, व्यापार र सेवा प्रवाह केन्द्रित सर्वसुलभ र आधुनिक पूर्वाधार निर्माण गरी आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता विकास गर्ने एवम् आधुनिक, सुरक्षित र दिगो शहर तथा बस्ती विकास गर्ने ।

४. कृषि क्षेत्रको व्यवसायिकीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ, आधुनिक तथा उच्च प्रविधिको प्रयोग र अनुसन्धान तथा विकासलाई प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

५. उत्पादनका साधन, सार्वजनिक संस्था र रोजगारीमा समतामूलक अवसरको सिर्जना सहित पूर्ण, दिगो र उत्पादशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६. लैंगिक समानता, सबै प्रकारका विभेद, हिंसा र अपराध विरुद्ध शून्य सहनशीलता र सामाजिक-सांस्कृतिक पुँजीको उपयोग गर्दै न्यायपूर्ण सामाजिक गतिशीलता कायम गर्ने ।

७. प्राकृतिक स्रोत साधनको सन्तुलित संरक्षण र आयमूलक व्यवस्थापन एवम् प्राकृतिक विपद् तथा जलवायू परिवर्तन उत्थानशील उत्पादन तथा जनजीविका प्रवर्द्धन गर्ने ।

८. संघीय शासन व्यवस्थालाई सुदृढ गर्दै विद्युतीय शासनको प्रयोग मार्फत सार्वजनिक सेवालाई उत्तरदायी, कुशल, पारदर्शी र सुदृढ बनाउने ।

## ४.४ सहयोगी क्षेत्रहरु (Enablers)[३]

- ❖ प्राकृतिक सम्पन्नता : मनोरम र विविधतायुक्त भू-बनोट, हिम श्रृङ्खला, पर्यावरणीय विविधता र प्राकृतिक स्रोतको प्रचुरता
- ❖ अवस्थिति : भारत, चीन, दक्षिण तथा पूर्वी एसिया, मध्य पूर्व लगायतका मुलुकसँगको निकट भौतिक दुरी र सोबाट पर्यटन, व्यापार, वित्तीय तथा अन्य सेवा क्षेत्रका सम्भाव्य अवसर
- ❖ जनसांख्यिक लाभ : युवा जनशक्तिको बाहुल्यता र यसको पूर्ण उपयोग
- ❖ सांस्कृतिक सम्पन्नता तथा नेपाली पहिचान : सामाजिक-सांस्कृतिक विविधता, नेपाली पहिचान र संस्कृति, विश्वास तथा सहयोग र अन्तर्राष्ट्रिय नेपाली समुदाय (डायस्पोरा)
- ❖ सामाजिक पुँजी : परम्परागत ज्ञान, स्थानीय सामाजिक तथा सामुदायिक संस्था, सामाजिक साझेदारी, पारस्परिकता र उत्थानशीलता, बाह्य अनुभव तथा सीप
- ❖ उर्जा : जलविद्युत, सौर्य उर्जा तथा अन्य स्वच्छ उर्जाको सम्भावना र उपयोग
- ❖ भौतिक पूर्वाधार विस्तार : सडक, विमानस्थल, रेल र जल यातायातको सम्भावना र विस्तार
- ❖ सूचना प्रविधि सञ्जालीकरण : प्रविधितर्फ झुकाव भएको जनशक्ति र अर्थतन्त्रमा सूचना प्रविधिको उच्चतम प्रयोग
- ❖ संघीयता र वित्तीय संघीयता : अर्थतन्त्रको आधारशिलाका रुपमा स्थानीय तह र प्रदेशको सम्भावना तथा वृहत् राजनीतिक परिचालनको सम्भावना
- ❖ वित्तीय स्रोत : आन्तरिक तथा बाह्य सार्वजनिक, निजी र सहुलियतपूर्ण वित्तीय स्रोतको उपलब्धता ।

## ४.५ रुपान्तरणका प्रमुख सम्बाहकहरु (Key Drivers of Transformation)

१. यातायात, सूचना तथा सञ्चार पूर्वाधारको बृहत् सञ्जालीकरण
२. जलविद्युत उत्पादन तथा हरित अर्थतन्त्र
३. गुणस्तरीय मानव पुँजी निर्माण तथा पूर्ण उपयोग
४. उच्च उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता
५. गुणस्तरीय पर्यटन सेवा
६. व्यवस्थित तथा आधुनिक सहरीकरण
७. प्रादेशिक तथा स्थानीय अर्थतन्त्र
८. उद्यमशील कार्य संस्कृति र औपचारिक क्षेत्रको विस्तार ।

[३] यो खण्ड मुख्यत: पाँडे, पौडेल र वाग्ले (२०७५) मा आधारित छ ।

## ५. विषयवस्तु

दीर्घकालीन सोच दस्तावेजमा समावेश गरिने विषवस्तुको प्रारम्भिक विवरण अनुसूची १ मा उल्लेख गरिएको छ । सोच दस्तावेजको आधारपत्र तयार गर्ने क्रममा यसलाई आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

## ६. तर्जुमा विधि तथा प्रक्रिया

यो दस्तावेज तर्जुमा गर्दा खण्ड ६ मा उल्लेखित समय तालिका निर्धारण गरिनेछ । सो बमोजिम मा.उपाध्यक्षको अध्यक्षतामा निर्देशक समिति र मा.सदस्यहरुको अध्यक्षतामा क्षेत्रगत समिति गठन गरिनेछ । कार्ययोजना उल्लेख भए बमोजिम हालसम्मका सोच दस्तावेजसम्बन्धी अध्ययन सामाग्री तथा अन्य उपयुक्त मुलुकका सोच दस्तावेज अध्ययन गरिनेछ । दीर्घकालीन परिमाणात्मक लक्ष्य निर्धारण र सोको परीक्षण गरी उपयुक्त रणनीति तथा बृहत् कार्यक्रम प्रस्ताव गर्न कम्पुटेबल जनरल इक्विलीविरीयम मोडेल लगायतका आर्थिक मोडेल प्रयोग गरिनेछ । समष्टिगत तथा विषय क्षेत्रगत आधारपत्रको विज्ञ पुनरावलोकन (Peer review) गराई आधारपत्रमा उल्लेखित विषयवस्तुलाई थप परिष्कृत गरिनेछ । आधारपत्र माथि संघ, प्रदेश  र स्थानीय तहमा सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदार तथा युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रिया गरिनेछ । यसबाट आधारपत्रमा पृष्ठपोषण प्राप्त हुनुका साथै सम्पूर्ण संघीय एकाईमा अपनत्व अभिवृद्धि समेत हुनेछ । प्राप्त सुझावका आधारमा सोच दस्तावेजको मस्यौदा परिमार्जन गरी आयोगबाट अनुमोदन गरिनेछ । सो दस्तावेजलाई नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गरी सम्माननीय प्रधानमन्त्रीबाट सार्वजनिकीकरण गरिनेछ ।

## ७. अपेक्षित नतिजा

नेपालको दीर्घकालीन सोच, २१०० दस्तावेज तर्जुमा भई २०७५ साल पुष मसान्तभित्र प्रकाशनमा आएको हुनेछ । यस क्रममा अनुसूची २ मा उल्लेखित समय तालिका बमोजिम विभिन्न प्रतिवेदन तथा दस्तावेजहरु समेत तयार भएका हुनेछन् । यसले पन्ध्रौ योजना तथा त्यसपछिका आवधिक योजना, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना तर्जुमामा मार्गदर्शन प्रदान गर्नेछ । साथै उल्लेखित योजनाको कार्यान्वयन, एवम् कार्यक्रम तथा बजेटको तर्जुमा र कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ८. जोखिम तथा अनुमान

नेपाल भौगोलिक रुपमा संवेदनशील मुलुकका रुपमा रहेको छ । मुलुकको अवस्थिति तथा भूबनोटका कारण भूकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्को उच्च जोखिम रहेको छ ।

उदाहरणका लागि ८०० वर्षको अवधिमा नेपालले तीनवटा ठूला भूकम्प (सन् १२२०, वि.सं. १९९० र २०७२) को सामना गर्नुपऱ्यो । विपद्को जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त तयारी नभएमा वा बृहत्, आधुनिक पूर्वाधार तथा निर्माणमा पर्याप्त साबधानी नअपनाइएमा मुलुक विकसित अर्थतन्त्रमा रुपान्तरण हुँदै गर्दा यसबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति, गरिबी तथा संकटापन्नतामा पर्ने प्रभावको सघनता गणितीय रुपमा बढ्ने सम्भावना रहन्छ । साथै जलवायु परिवर्तनका दृष्टिकोणले समेत नेपाल ज्यादै जोखिमपूर्ण रहेकाले यसबाट जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा प्रतिकूल असर पर्न सक्ने देखिन्छ ।साथै आन्तरिक तथा अन्तरदेशीय उत्सर्जनका कारण भैरहेको र आगामी दिनमा थप बढ्न सक्ने वायु प्रदुषण नियन्त्रण गर्न तथा स्वच्छ र हरित अर्थतन्त्र निर्माण गर्न समेत कठिन छ ।

सोचको महत्वाकांक्षी लक्ष्यहरु हासिल गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन हुनुपर्ने देखिन्छ । अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको परिचालन हुन नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ । आतंकवाद, महामारी, सम्पत्ति शुद्धीकरण जस्ता अन्तरदेशीय अपराध, विश्वव्यापीकरण, विश्व अर्थतन्त्रमा देखापरेको संरक्षणवाद लगायतका कारण विश्व बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकटले नेपालको अर्थतन्त्रको वास्तविक, मौद्रिक, सार्वजनिक तथा बाह्य सबै क्षेत्रमा  प्रभाव पार्न सक्तछ ।

संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा प्रदेश र स्थानीय तहको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्नेछ । यसका लागि राष्ट्रिय सोचसँग सामञ्जस्य हुने गरी ती तहका सरकारले आफ्ना आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरुपता कायम गरी कार्यान्वयन हुने अनुमान छ । साथै सोचको अवधि भित्र तर्जुमा हुने आवधिक योजनामा सोचमा उल्लेख भएका लक्ष्य तथा रणनीतिलाई निरन्तरता हुने अनुमान गरिएको र सो नभएमा राष्ट्रिय लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

अनुसूची १

# नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३) को विषय सूची

परिच्छेद १ : दीर्घकालीन सोच **(Vision)**

- पृष्ठभूमि
- विगतका उपलब्धि (आर्थिक, सामाजिक र राजनीतिक उपलब्धिको समीक्षा)
- विद्यमान प्रवृत्ति (आर्थिक, सामाजिक, राजनीतिक र वातावरणीय)
- जटिलता तथा चुनौती
- अवसर तथा सम्भावना
- दीर्घकालीन सोच खाका
    - राष्ट्रिय सोच (National Vision)
    - राष्ट्रिय लक्ष्य (National Goals)
    - राष्ट्रिय रणनीति (National Strategies)
    - सहयोगी (Enablers)
    - रुपान्तरणका सम्बाहक (Drivers of Transformation)

परिच्छेद २ : आर्थिक रुपान्तरण तथा समृद्धि **(Economic Transformation and Prosperity)**

- सिंहावलोकन (Overview)
- आर्थिक वृद्धि
    - प्रक्षेपण
    - सम्बाहक र सहयोगी क्षेत्र (Drivers and Enablers)
    - समष्टिगत आर्थिक स्थायित्व
    - अन्तरसरकारी वित्त
    - विप्रेषण
    - व्यापार तथा लगानी (लगानीका क्षेत्र तथा स्रोत)
    - सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्र
- उत्पादन
    - सिंहावलोकन (Overview)
    - कृषि तथा पशुपन्छी
    - उद्योग
    - पर्यटन
    - वित्तीय तथा अन्य सेवा
- उत्पादकत्व
    - सिंहावलोकन (Overview)
    - उत्पादनका साधनहरु
    - उत्पादकत्व वृद्धिका सम्बाहक
    - क्षेत्रगत उत्पादकत्व
- अनुसन्धान, अन्वेषण तथा विकास
    - अनुसन्धान तथा विकास

उद्यमशीलता विकास
विज्ञान तथा प्रविधि
नविनतम प्रविधि तथा अन्वेषण
उच्च प्रविधिमा आधारित उद्योग

## परिच्छेद ३ : नागरिक (People)

सिंहावलोकन (Overview)
जनसंख्या तथा बसाइसराई
महिला
युवा
शिक्षा
स्वास्थ्य
खेलकूद
खानेपानी तथा सरसफाई
श्रम तथा रोजगारी

## परिच्छेद ४ : पूर्वाधार (Infrastructure)

सिंहावलोकन (Overview)
उर्जा
सिंचाई
यातायात पूर्वाधार (सडक, रेल, केबलकार/रज्जुमार्ग, हवाई तथा जल)
स्थानीय पूर्वाधार
सहरी विकास
ग्रामीण विकास
सूचना तथा संचार पूर्वाधार

## परिच्छेद ५ : वातावरण तथा प्राकृतिक स्रोत (Environment and Natural Resources)

सिंहावलोकन (Overview)
वातावरण तथा पर्यावरणीय प्रणाली
जैविक विविधता
जलवायु परिवर्तन
भूमि (व्यवस्था तथा योजना)
जलस्रोत
वन तथा वनस्पति सम्पदा
खनिज साधन
विपद् व्यवस्थापन

## परिच्छेद ६ : सुशासन तथा सामाजिक व्यवस्था (Good Governance and Societal Arrangements)

सुशासन

सिंहावलोकन (Overview)
सुशासन
शान्ति तथा सुरक्षा
मानव अधिकार
सदाचार प्रवर्द्धन
संघीय शासन प्रणाली
प्रादेशिक तथा स्थानीय तहको सन्तुलित विकास
संस्थागत क्षमता विकास

सामाजिक व्यवस्था

सिंहावलोकन (Overview)
राष्ट्रिय एकता र स्वाभिमान
गरिबी
समानता
समावेशीकरण
सामाजिक सुरक्षा तथा संरक्षण
सामाजिक न्याय
सामाजिक सांस्कृतिक विविधता
सामाजिक सुधार
सामुदायिक साझेदारी

**परिच्छेद ७ : कार्यान्वयन, अनुगमन तथा मूल्यांकन (Implementation, Monitoring and Evaluation)**

सिंहावलोकन (Overview)
तथ्यांक प्रणाली
तहगत/अन्तरसरकारी सम्बन्ध तथा योजना
संस्थागत व्यवस्था
कार्यान्वयन ढाँचा
जोखिम व्यवस्थापन
अनुगमन तथा मूल्यांकन

**विषय क्षेत्रगत खाका**

१. सिंहावलोकन (Overview)

२. क्षेत्रगत दीर्घकालीन सोच (Sectoral Vision)

३. क्षेत्रगत लक्ष्य (Sectoral Goal)

४. क्षेत्रगत उद्देश्य (Sectoral Objectives)

५. क्षेत्रगत रणनीति (Sectoral Strategies)

६. नतिजा खाका (Outcomes Framework)

| प्रमुख नतिजा **(Outcomes)** | एकाई | आ.व. २०७४/७५ | लक्ष्य (आ.व.) | | | |
|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २०९१/९२ | २०९९/२१०० |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची २

# समय तालिका

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी (महाशाखा) | सहयोगी | समय |
|---|---|---|---|---|
| १. | दीर्घकालीन सोच, २१०० तयारीसम्बन्धी समय सीमासहितको कार्ययोजना तयारी | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु सबै महाशाखाहरु | असार ३० |
| २. | मा. उपाध्यक्ष्यको अध्यक्षतामा निर्देशक समिति र मा. सदस्यहरुको अध्यक्षतामा क्षेत्रगत समितिहरुको गठन | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु सबै महाशाखाहरु | साउन दोस्रो हप्ता |
| ३. | हालसम्म तयार भएका सोच सम्बन्धी दस्तावेजहरुको अध्ययन | माननीय सदस्यहरु सबै महाशाखाहरु | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | साउन पहिलो हप्ता |
| ४. | सोच दस्तावेजको अवधारणा पत्र तयारी | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु सबै महाशाखाहरु | साउन दोस्रो हप्ता |
| ५. | सोच दस्तावेजको अवधारणा पत्रको आयोगबाट स्वीकृति | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु सबै महाशाखाहरु | भदौ दोस्रो हप्ता |
| ६. | सोच दस्तावेजको अवधारणा पत्र नेपाल सरकार मन्त्रिपरिषद्बाट अनुमोदन | आर्थिक व्यवस्थापन महाशाखा आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु सबै महाशाखाहरु | भदौ तेस्रो हप्ता |
| ५. | समष्टिगत (आर्थिक मोडेलिङ सहित) तथा क्षेत्रगत दीर्घकालीन सोचको आधार पत्रको तयारी | माननीय सदस्यहरु सबै महाशाखाहरु | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | भाद्र मसान्त |
| ६. | आधार पत्रको विषयगत विज्ञ समीक्षा (Peer review) गराउने | माननीय सदस्यहरु सबै महाशाखाहरु | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | असोज दोस्रो हस्ता |
| ७. | स्थानीय प्रदेश तथा संघीय तहका विभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया/छलफल | माननीय सदस्यहरु सबै महाशाखाहरु | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | कात्तिक मसान्त |
| ८. | दीर्घकालीन सोच, २१०० को मस्यौदा परिमार्जन | माननीय सदस्यहरु सबै महाशाखाहरु | माननीय उपाध्यक्ष आर्थिक व्यवस्थापन महाशाखा | मंसीर दोस्रो हप्ता |
| ९. | नेपाल सरकारका मा. मन्त्री तथा | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु | मंसीर |

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी (महाशाखा) | सहयोगी | समय |
|---|---|---|---|---|
| | सचिव, राजनीतिक दल, संसदीय समिति र विकास साझेदारहरुसँग अन्तरक्रिया | आर्थिक व्यवस्थापन महाशाखा | सबै महाशाखाहरु | तेस्रो हप्ता |
| १०. | आयोगको बैठकबाट अनुमोदन | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | मंसीर मसान्त |
| ११. | नेपाल सरकार (मन्त्रिपरिषद्) बाट सोच दस्तावेजको स्वीकृति | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | पुष दोस्रो हप्ता |
| १२. | सोच दस्तावेजको प्रकाशन | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | पुष मसान्त |

# सन्दर्भ सामाग्रीहरु


१. अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७४/७५ काठमाण्डौ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

२. अर्थ मन्त्रालय (२०५५), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०५४/५५, काठमाण्डौ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

३. नेपाल राष्ट्र बैंक (२०७५), देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७४/७५ को वार्षिक तथ्यांकमा आधारित), काठमाण्डौ : नेपाल राष्ट्र बैंक ।

४. पाँडे, अरनिको, पौडेल, विश्व र वाग्ले, स्वर्णिम (२०७५), सन् २०३० मा नेपाल : नीतिगत अवधारणाको प्रारुप, काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग (अप्रकाशित)

५. रा.यो.आ. (२०५४), नवौं योजना (२०५४–२०५९), काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

६. रा.यो.आ. (२०७३), चौधौं योजना (आ.व. २०७३/७४–२०७५/७६), काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

७. रा.यो.आ. (२०७५), आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रम, काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

८. सूचना तथा प्रसारण विभाग (२०७५), नेपाल परिचय, काठमाण्डौ : नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग ।

९. Helliwell, J.F. Layard, R. and Sachs, J.D. (2018). World Happiness Report 2018. Retrived on 10th July, 2018 from http://worldhappiness.report

१०. ------ (2017). World Happiness Report 2017. Retrived on 10th July, 2018 from http://worldhappiness.report

११. Ura, K., Alkire, S., Zangmo, T. and Wangdi, K. (2012). *A Short Guide to Gross National Happiness Index*. Thimpu: The Centre for Bhutan Studies.